सञ्चारिका लेखमाला
Sancharika Feature Service

वर्ष ८ अंक ३ मासिक फागुन/चैत March 2005


- *सेयर कारोबारमा महिला ब्रोकर* — श्रीधर खनाल

  सेयर बजारको ब्रोकरमा एक्लै छन् सुचिता
- *दुर्व्यसनीविरुद्ध खनिए महिला* — कुलचन्द्र न्यौपाने

  दुर्व्यसनीविरुद्ध एकजुट छन् पोखराका महिला
- *बुर्काभित्रको जीवन* — अमृता अनमोल

  मुख खोलेर हिँड्न त मन लाग्छ तर के गर्नु पाइँदैन
- *पढाइदिने प्रलोभनमा बालिका* — संगीता रिजाल

  आफ्नो घरमा एक गाँस खाएर पढ्न नपाउँदा बालिका

  गाउँबाट शहर पस्छन् तर यहाँ पनि उनीहरूका इच्छा..........
- *एकजुट हुँदैछन् गान्धर्व महिला पनि* — मधुसूदन पौडेल

  एकजुट हुँदैछन् कपिलवस्तुका गान्धर्व महिला पनि




सञ्चारिका समूह/नेपाल

# सेयर कारोबारमा महिला ब्रोकर

## पुरुषहरूका बीचमा एक्लै बसेर कराउँदा निकै अप्ठ्यारो महसुस गर्दथिन् सुचिता खनाल तर आजभोलि उनलाई यो पेशा निकै सजिलो र आकर्षक लागेको छ ।

✍ श्रीधर खनाल

“स्टक एक्सचेन्जले दिएको सामान्य तालिमपछि काममा लागेकी सुचितालाई सुरुका दिनमा काम गर्न निकै कठिन परेको थियो । पुरुषहरूका बीचमा एक्लै बसेर कराउँदा निकै अप्ठ्यारो महसुस पनि हुन्थ्यो ।”

२०५० सालदेखि सेयर ब्रोकरको काम गर्दै आएकी सुचिता खनालको कारोबार निकै राम्ररी चलेको छ । ५० जति नियमित ग्राहक बनाइसकेकी सुचिताको कमाइ पनि निकै आकर्षक छ । उनी भन्छिन्, ‘सेयर कारोबारमा लागेर एकछिन पनि पछुताउन परेको छैन । आफ्नै तरिकाले काम गर्न पाइएको छ । कमाइको हिसाबले पनि सरकारी सेवाको पहिलो दर्जाको अधिकृतभन्दा हामी माथि नै छौं ।’ नेपालको पहिलो महिला ब्रोकरको रूपमा काम थाल्दा उनी सेयरको काम गर्ने एक्ली महिला थिइन् । “स्टक एक्सचेन्जले दिएको सामान्य तालिमपछि काममा लागेकी सुचितालाई सुरुका दिनमा काम गर्न निकै कठिन परेको थियो । पुरुषहरूका बीचमा एक्लै बसेर कराउँदा निकै अप्ठ्यारो महसुस हुन्थ्यो ।” नेपालको ‘ओपन एन्ड क्राई’ पद्धतिमा चलेको स्टक एक्सचेन्जको कारोबारका बेला ‘फ्लोर’ मा जति सक्यो चिच्याउनुपर्छ । चिच्याएर सेयर कारोबार गर्ने पद्धतिलाई अधिकांश देशले अनलाइनमा परिवर्तन गरिसकेका छन् । सुचिता भन्छिन्, ‘अनलाइन पद्धतिमा स्टक एक्सचेन्जको कारोबार गएमा बुढेसकालसम्म यही काम गर्ने सोच छ । त्यसो भएन भने चिच्याउन र दौडधुप गर्न सक्दासम्म मात्रै सेयर कारोबार गर्न सकिन्छ ।’

सेयर कारोबारमा महिलाहरूलाई थुप्रै खालका नयाँ सम्भावना रहेको बताउँछिन् प्रज्ञा सेक्युरिटिजकी प्रमिला शर्मा । श्रीमान्को लाइसेन्सबाट सेयर कारोबारमा लागेकी शर्मा आफूलाई ग्राहकहरूले पुरुष ब्रोकरलाई भन्दा बढी विश्वास गरेको बताउँछिन् । “पछिल्लो समयमा नियमित कारोबारमा लागेकी शर्मा दिनमा चार लाखजतिको सेयर कारोबार गर्छिन् । घरको काम सकाएर उनी सेयर ब्रोकरको काममा जान्छिन् ।” दिनको पाँच घन्टा जति काम गरेर घरकै काममा फर्किन्छिन् । यसरी फुर्सदको समयमा समेत राम्रो काम गर्न सफल शर्मा भन्छिन्, ‘यो काममा मेरो आफ्नै इच्छाले आएकाले कुनै पछुतो छैन । घरपरिवार हेर्नुपर्ने हामीजस्ता महिलालाई सेयरको काम निकै उपयुक्त छ ।’

नेपालको सेयर बजार विस्तार हुँदै जाँदा सेयर कारोबार गर्न चाहने महिलाको संख्यासमेत बढेको बताउँछन् ब्रोकर एसोसिएसनका अध्यक्ष ईश्वरीप्रसाद रिमाल । उनी भन्छन्, ‘स्टक एक्सचेन्जले २०५० सालपछि ब्रोकरको लाइसेन्स खुलाएको छैन । जसले गर्दा नयाँ मानिस काम गर्न चाहेर पनि यो क्षेत्रमा आउन सकेका छैनन् ।’ सेयर कारोबारमा केही महिलाले ब्रोकरको प्रतिनिधिको रूपमा काम गरेका छन् । यसरी काम गर्नेहरूको संख्यासमेत निकै न्यून रहेको छ । अध्यक्ष रिमाल यसको कारण प्रष्ट पार्दै भन्छन्, ‘व्यक्तिगत कामबाट ब्रोकरले आफ्नो पेशा थालेका हुन् । सुरुमा काम गर्दा अधिकांश ब्रोकरको कार्यालय झोलामा थिए । अहिले धेरैले आफ्नै घरमा कार्यालय राखेका छन् । व्यवस्थित र छुट्टै कार्यालय नभएकाले कतिपय महिला चाहेर पनि काममा आउन सकेका छैनन् ।’

सेयर कारोबार गर्ने मात्र होइन, सेयरमा लगानी गर्ने सर्वसाधारणमा समेत महिलाको उपस्थिति न्यून छ । घरको सम्पूर्ण आर्थिक क्रियाकलापहरूमा पुरुषको नियन्त्रण भएकाले यस्तो भएको बताउँछन् वीरबहादुर खत्री । सेयर बजारको बारेमा जानकारी राख्ने खत्री भन्छन्, ‘श्रीमतीको नाममा सेयर किनबेचको निर्णयसमेत श्रीमान्ले गर्ने गरेका छन् । कति महिलालाई आफ्नो नाममा फलानो कम्पनीको सेयर

*"पछिल्लो समयमा नियमित कारोबारमा लागेकी शर्मा दिनमा चार लाखजतिको सेयर कारोबार गर्छिन् । घरको काम सकाएर उनी सेयर ब्रोकरको काममा जान्छिन् ।"*

छ भन्नेसमेत थाहा छैन ।' यसरी श्रीमतीको नाममा भएको सेयरको बारेमा हरेक निर्णय गर्ने कामसमेत श्रीमान्हरूले गर्ने गरेका छन् । सेयर बजारका बारेमा जानकारी राख्ने मेजर कुवेर श्रेष्ठ भन्छन्, 'सेयर बजार फस्टाउँदै गएको छ । यसमा महिलाको प्रत्यक्ष सहभागिता गराउन सके बजार झनै वृद्धि हुन्छ । त्यसका लागि आर्थिक रूपमा सबल महिलाको लगानी सेयरमा आउँछ भनेर सोच्ने बेला भएको छ ।'

बजार विस्तारसँगै नेपालको सेयर बजारमा 'रिक्स' का विभिन्न सम्भावना देखापरेका छन् । सर्वसाधारण लगानीकर्ताहरूले आँखा चिम्लेर सेयरमा लगानी गर्ने गरेका छन् । जसले गर्दा सेयरहोल्डरहरू कतिपय लगानीको सम्भावनाका बारेमा जानकारी लिनसमेत ब्रोकरकहाँ पुग्छन् । यसरी सल्लाह खोज्न आएकालाई सही सल्लाहसमेत आफूले दिने गरेको सुचिता बताउँछिन् । 'यसका लागि कम्पनीको बारेमा राम्ररी जानकारी राख्नुपर्छ । सेयरबाट कतिसम्मको प्रतिफल आउँछ भन्ने कुरासमेत ख्याल गर्नुपर्छ,' उनी अगाडि भन्छिन्, 'सेयर किन्न आएकाहरूबाट २५ प्रतिशत एडभान्स लिन्छु । सेयरको मूल्य तलमाथि भएमा यो पैसाले 'रिक्स' धान्नै सकिँदैन ।' २०५७ सालमा सेयरको भाउ तलमाथि हुँदा सुचितालाई एकैपटक १० लाख रुपैयाँ घाटा लागेको थियो । त्यो घाटाले समेत उनको काम गर्ने उत्साहमा कुनै कमी आएन ।

नेपालमा सेयर किनबेच गर्दा उक्त सेयरको सम्पूर्ण प्रक्रिया मिलाउने कामसमेत ब्रोकरले गरिदिने चलन छ । यसका लागि निकै दौडधुप गर्नुपर्छ । दौडधुप गर्ने काम भएकाले पनि महिलालाई प्रतिनिधिको रूपमा कमैले विश्वास गर्दछन् । रिमाल अगाडि थप्छन्, 'कतिपय महिलाले विवाहपछि प्रतिनिधिको रूपमा लगातार काम गर्न सकेनन् । त्यसले गर्दा पनि सिकाउनका लागि मात्रै किन महिला राख्ने भन्ने सोच विकास भयो ।' विवाहपछि सेयरको काम गर्न थालेकी प्रज्ञा सेक्युरिटिजकी शर्मा भने रिमालको कुरा मान्न तयार छैनन् । उनी भन्छिन्, 'आत्मविश्वासका साथ यही क्षेत्रमा केही गर्छु भनेर आएकालाई यस्ता सामान्य कुराले केही असर पार्दैन ।' ३२ जना ब्रोकर भएको नेपालको सेयर बजारमा कारोबार छाड्ने नौजनामा सबै पुरुष छन् । अधिकांशले काम गर्न नसकेर ब्रोकरको काम छाडेका हुन् भने शर्माले आफ्नो श्रीमान्को काम थामेर सेयर बजारमा छुट्टै पहिचानसमेत बनाइसकेकी छिन् ।

ब्रोकरको प्रतिनिधि भएर काम गर्न चाहनेका लागि सामान्य तालिम दिने गरेको स्टक एक्सचेन्जका शम्भुप्रसाद पन्त भन्छन्, 'यस्तो तालिम लिन आउनेमा महिलाको संख्यासमेत बढ्दै गएको छ । स्टक एक्सचेन्जले ब्रोकरको लाइन्सेन्स खोल्दा यसरी काम गरिरहेका महिलाले अनुमति पाउने सम्भावनासमेत बढेको छ ।' ग्राहकको मन जित्दै सेयरको काममा लागेका महिलाको उत्साहले भोलिको सुनौला दिन नचुम्ला भन्न सकिँदैन । त्यसका लागि हिम्मत र आत्मविश्वासका साथ यस क्षेत्रमा प्रशस्त महिला आउनुपर्ने देखिन्छ ।

नेपालमा सेयर कारोबारले संस्थागत स्वरूप लिएको १२ वर्ष पुग्यो । २०५० को पुसमा फ्लोर खुला भएपछि सेयरको संस्थागत कारोबारको सुरुवात भएको हो । यो अवधिमा सेयर बजार निकै फस्टाउँदै गएको छ । सेयर कारोबार गर्नेहरूको संख्या पनि बढेको छ । पुरुषको आधिपत्यमा रहेको सेयर बजारमा महिलाको संख्या निकै कम छ । महिलाले पनि सेयरको काम गर्न सक्छन् भन्ने भावनाको विकास नभएसम्म सेयर बजारमा महिला आउन नसकेको बताउँछन् मेजर कुवेर श्रेष्ठ । सेयर बजारका बारेमा राम्रो जानकारी राख्ने मेजर श्रेष्ठ भन्छन्, 'पैसाको काम भएकाले पुरुषले भन्दा महिलाले ग्राहकको मन जित्न सक्छन् । यसका लागि यस क्षेत्रमा आउन चाहने महिलालाई प्रोत्साहन गर्नुपर्छ ।'

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

# दुर्व्यसनीविरुद्ध खनिए महिला

*छोराछोरी बिग्रँदा सबैभन्दा बढी पीर महिलालाई पर्दोरहेछ भन्ने कुरा पोखराकी शर्मिला गुरुङलाई हेरे पुग्दछन् । आफ्नो छोरा दुर्व्यसनीको कुलतमा फसेपछि दुर्व्यसनीविरुद्धमा लागेकी छन् उनी आजभोलि ।*

**✍ कुलचन्द्र न्यौपाने**

पोखरा बगरकी शर्मिला गुरुङले आफ्नो छोरालाई राम्रोसँग पढाएर ठूलो व्यक्ति बनाउने सपना बोकेकी थिइन् । त्यसका लागि चाहिने धनको उनीसँग कुनै पर्वाह थिएन । बेलायतमा प्रशस्त कमाउने लोग्ने थिए । एउटा छोराका लागि उनी जति पनि खर्च गर्न तयार थिइन् । त्यहीअनुरूप महँगो बोर्डिङमा भर्ना पनि गराइन् । तर, उनको सपना त्यतिबेला चुँडियो जतिबेला छोरा दुर्व्यसनको लतमा लागेको थाहा पाइन् ।

लोग्ने विदेशमा भएकाले घरको सबै जिम्मेवारी उनैले सम्हाल्नुपर्दथ्यो । ६ वर्षअघि दुर्व्यसनीको लतमा लागेको छोराका लागि उनी आफैं देश-विदेश चहारिन् । उपचारका लागि भारत र नेपालकै नामी सुधारकेन्द्रहरूमा राखिन् । छोराको उपचारका लागि उनले नौ लाखसम्म खर्च गरिन् । तैपनि छोराको बानी भने सुध्रिएन । गलत बाटोमा गएको छोरालाई सुधार्न उनले के मात्रै गरिनन् ? सुधारकेन्द्रमा राख्दा नसुध्रिएपछि जेल राख्नसमेत तम्सिन् । त्यसका लागि प्रहरी कार्यालय पनि धाइन् । छोरालाई पक्रेर केही महिना जेल हाल्न अनुनयविनय गरिन् । तर, प्रहरीले मानेन । केही नलागेपछि उनले जिल्ला प्रहरी कार्यालयकै एक निरीक्षकलाई ४० हजार टक्र्याइन् । पैसा दिएपछि प्रहरीले सार्वजनिक अपराधअन्तर्गत मुद्दा दर्ता गरेर तीन महिना जेल त हालिदियो, तर छुटेपछि सुध्रिएला कि भन्दा उल्टो धम्की दिन थाल्यो । शर्मिला भन्छिन्, 'छोराको कारण अहिले पलपल आँसु बगाउनुपरेको छ ।'

यो शर्मिलाको मात्र एक्लो पीडा होइन । यस्तै पीडामा पोखरा आशपासका सयौं महिला दिनहुँ रोइरहेका छन् । अधिकांशका लाहुरे लोग्ने घरमा छैनन् । घरको चुलोचौकादेखि छोराछोरीको पढाइसमेत महिलाले नै गर्नुपर्छ । छोराछोरी बिग्रिएको चिन्ता पनि यिनैलाई छ । तर, आत्मा कमजोर पारेर बसेका छैनन् यिनीहरू । 'घरै नास, बनै नास'

*यो शर्मिलाको मात्र एक्लो पीडा होइन । यस्तै पीडामा पोखरा आसपासका सयौं महिला दिनहुँ रोइरहेका छन् । अधिकांशका लाहुरे लोग्ने घरमा छैनन् । घरको चुलोचौकादेखि छोराछोरीको पढाइसमेत महिलाले नै गर्नुपर्छ । छोराछोरी बिग्रिएको चिन्ता पनि यिनैलाई छ ।*

भनेजस्तै पीडामा रहेका महिला समाजबाटै दुर्व्यसनी धपाउने र कारोबारी समात्ने काममा उत्रिन थालेका छन् । यसका लागि शर्मिलाजस्तै पीडित आमाहरू 'लागूपदार्थ नियन्त्रण तथा समाज सुधार आमा समूह' गठन गरी 'समाजलाई दुव्यर्सनमुक्त' बनाउन चुनौतीपूर्ण अभियानमा लागेका छन् ।

सुरुमा उनीहरूले प्रहरीसँगै गुहार मागे । गत जेठमा लागूपदार्थका काराबारीलाई पक्रन माग लिएर बगरदीपका झन्डै दुई सय पीडित महिलाको जुलुस जिल्ला प्रहरी कार्यालयमै पुगेको थियो । कुलतमा फसेका व्यक्ति र कारोबारीमा संलग्न पाँच दर्जन व्यक्तिको नामै किटेर कारबाही गर्न माग गर्दासमेत सुनुवाइ नभएपछि पीडित महिला समूह गठन गरेर मैदानमा उत्रिएका हुन् ।

प्रहरीले गर्नुपर्ने काम अहिले उनीहरू आफैं गर्छन् । संदिग्ध व्यक्तिको घर र डेरा आफैं छापा मार्छन् । प्रमाणसहित समातिएको व्यक्तिलाई प्रहरीमा

*राज्यले गर्नुपर्ने काम हो तर बगरदीपका महिला नै अग्रसर भएर दुर्व्यसनी र कारोबारीलाई समात्न थालेका छन् । दश महिनाअघि थालेको यो अभियान लक्ष्यमा नपुग्दासम्म जारी राख्ने उनीहरूको अठोट छ ।*

बुझाउँछन् । अहिले उनीहरूको अभियानलाई पोखराका सबै वडाका आमा समूहले साथ दिएका छन् । नागरिक समाजले बल भरेको छ । समूहकी अध्यक्ष सुष्मा भन्छिन्, 'हामीले अभियान सुरु गरेपछि मात्रै प्रहरीले साथ दिन थालेको नत्र सबै काम हामी आफैंले गर्दथ्यौं ।'

अभियानमा लागेदेखि घरमा काम बितेको उनीहरूलाई पर्वाह छैन, तर लागूपदार्थका दुर्व्यसनी र कारोबारीलाई सुराक पाउनासाथ रात-दिन नभनी आफ्नै अगुवाइमा समात्न जाइलाग्छन् । 'आज हाम्रो घरमा आगो लागेको छ, तर त्यो आगो समयमै निभाउने काम भएन भने पूरै सहर भष्म हुनसक्छ', सुष्माले भनिन् ।

राज्यले गर्नुपर्ने काम हो तर बगरदीपका महिला नै अग्रसर भएर दुर्व्यसनी र कारोबारीलाई समात्न थालेका छन् । दश महिनाअघि थालेको यो अभियान लक्ष्यमा नपुग्दासम्म जारी राख्ने उनीहरूको अठोट छ । 'सरकारले गर्नुपर्ने दायित्व हामीले गरिदिएका छौं,' उनी भन्छिन् ।

कारोबारी समात्न सुराकी दिने व्यक्ति, लागूपदार्थ किन्ने पैसा र जाने ट्याक्सीभाडासमेत उनीहरू आफैं बेहोर्छन् । समूहकी अध्यक्ष गुरुङ भन्छिन, 'कारोबारीको डिलर र व्यक्ति समात्न लागूपदार्थ नै किन्नुपर्छ, नत्र प्रमाणसहित समात्न सकिँदैन ।' उनी यस्तो कामका लागि हिँडेका दिनमा कम्तीमा हजार रुपैयाँ खर्च हुने बताउँछिन् । समूहले यो अभियान सुरु गरेयता यस्तो कामका लागि ७० हजार रुपैयाँ खर्च गरिसकेको छ ।

लागूपदार्थ नियन्त्रण गर्न पोखरामा छुट्टै इकाइसमेत छ । तर, इकाइले कुनै काम गर्न सकेको छैन । महिलाहरू अघि बढेपछि बल्ल उसले आफ्नो सक्रियता देखाएको छ । तैपनि इकाइका प्रहरी आफैं कारोबारी र दुर्व्यसनी समात्न जाँदैनन्, पछिपछि मात्र जान्छन् । तर, सबै काम महिलाले नै गर्छन् । 'प्रहरी साक्षी मात्रै हुन्, तर उनीहरूले केही गर्दैनन्, दुर्व्यसनी र कारोबारी समात्न हामी आफैं अघिसर्छौं,' शर्मिला भन्छिन्, 'यस्तो काममा हिँड्दा उल्टो प्रहरीलाई खाजा खर्चसमेत खुवाउनुपर्छ ।' यो अवधिमा उनीहरूले झन्डै तीन दर्जन कारोबारी र दुर्व्यसनीलाई समाती कठघरामा उभ्याएका छन् ।

समूहले गरेको खानतलासी र अनुसन्धानमा सराङकोट, मुस्ताङचोक, ड्यामसाइट, स्याउली बजार, अमरसिंहचोक, लालीगुराँस टोल, माटेपानी, लामाचौर, दीप, बगर, नयाँबजारमा लागूपदार्थको कारोबार हुने र प्रयोग गर्नेहरू भेटिएका छन् । पोखरामा लागूपदार्थको प्रयोगकर्ता १२ सयको संख्यामा रहेको तथ्यांक छ । त्यस्तै ५ सयजति कारोबारी रहेको अनुमान छ । एक गैरसरकारी संस्थाले गरेको तथ्यांकमा ३२ हजार घरधुरी रहेको पोखरामा ६ हजार परिवार लागूपदार्थको दुर्व्यसनीबाट पीडित छ ।

अभियानमा जुट्ने महिलाका अनुसार लागूपदार्थ प्रयोग गर्नेहरू लाहुरे परिवारका छोराछोरी मात्रै छैनन् । धनाढ्यदेखि लिएर गरिबसमेत छन् । प्रयोगकर्तामा बढी सम्पन्न परिवारका छोराछोरी फेला परेका छन् भने विक्रेता र कारोबारीमा विपन्न परिवारका छन् । यस्तो बाटोमा लाग्नेमा बढी लाहुरे परिवारका भए पनि चिकित्सक, वकिल, प्रहरीका उच्च तहमा रहेका अधिकृतका छोराछोरीसमेत छन् ।

महिलाले केही दुर्व्यसनीलाई आफ्नै खर्चमा सुधारगृहमा पनि पुऱ्याएका छन् । सुध्रने वचन दिएकालाई उनीहरू सुधारगृहमा पठाउँछन् भने नसुध्रने जस्तोलाई कारबाहीका लागि प्रहरीमा बुझाउँछन् । उनीहरूले पोखरा र काठमाडौंमा गरी झन्डै एक दर्जन दुर्व्यसनमा फसेका व्यक्तिलाई सुधारकेन्द्रमा राखेका छन् । उपचारका लागि सुधारकेन्द्रमा राख्न पनि महँगो पर्छ । भारतमा ६ महिनाको कोर्सका लागि एकजनाको एक लाख रुपैयाँभन्दा बढी शुल्क छ भने नेपालमा १८ देखि ३० हजारसम्म ।

आमा समूहको अभियानबाट डराएर बजारमा खुलारूपमा हिँड्ने दुर्व्यसनी अहिले आसपासका काँठहरूमा पुग्ने गरेका छन् । कति त सुध्रिएका पनि छन् । यसरी सुध्रनेमा जयकुमार दमाई एउटा उदाहरण हुन् । उनी भन्छन्, 'मेरो त आँखै खोलिदिए, बरु प्रहरीको पञ्जाबाट बच्न सजिलो थियो, तर महिलाबाट बच्न सजिलो भएन ।' तर, महिलाहरू भने यस्ता दुर्व्यसनी र कारोबारी समातेर बुझाइदिँदा पनि प्रहरीले कारबाही नगरी पैसा खाएर छाड्ने गरेको गुनासो गर्न लागेका छन् । 'हामीले झन्डै डेढ सय

व्यक्ति समातेर दियौं, तर प्रहरीले कतिलाई त्यसै छाडिदिएको छ,' नयाँबजारकी एक महिला भन्छिन्, 'प्रहरीले यसैलाई दुहुनो गाई बनाउने काम गरेको छ ।'

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

# बुर्काभित्रको जीवन

***बिहे भएको सात वर्ष बित्दा पनि उनीहरूलाई घरमा भएका लोग्ने मान्छेको अनुहार कस्तो छ, थाहा छैन ।***

**✍ अमृता अनमोल**

"मुख खोलेर हिँड्न रहर त लाग्छ नि तर बुर्का नलगाई हिँड्न संस्कारले दिँदैन ।" बुटवल नगरपालिका- ५ चन्द्रनगरकी आसमा खानले भनिन् ।

३२ वर्षीया खान आफ्ना श्रीमान्सँग किनमेलका लागि बजार जाँदै थिइन् । उनको टाउकोदेखि पैतलासम्म कालो बुर्का थियो र हातमा कालै पञ्जा, खुट्टामा कालै मोजा थिए । जसले गर्दा उनको बोली त सुनिन्थ्यो । तर, शरीरको कुनै अंग देख्न सकिँदैनथ्यो । 'श्रीमान्भन्दा अरू पुरुषको मुख देखिएला कि भन्ने डरले बुर्का लगाएकी हुँ,' आसमाले बुर्का लगाउनुको रहस्य खोल्दै भनिन्, 'परपुरुषको मुख देखियो भने पाप लाग्छ रे ।'

हुन त आसमाले बुर्का लगाएर हिँडेको आज मात्र होइन । १० वर्ष अघिदेखि जतिबेला उनको विवाह भयो त्यतिबेलादेखि नै उनले बुर्काले मुख छोपेर घरबाहिर निस्कन थालेकी हुन् । यो उनको बाध्यता हो । आफूसरहका महिलाहरू खुल्लारूपमा बिनाबुर्का हिँड्दा उनलाई पनि त्यसरी नै हिँड्न रहर लाग्ने गरेको आसमाले बताइन् । उनले दुःखेसो पोखिन्, 'सधैँभरि यसरी मुख छोपेर हिँड्नुपर्दा त मुस्लिम परिवारमा जन्मनुपरेकोमा दुःखसमेत लाग्ने गरेको छ ।'

आसमाका अनुसार मुस्लिम समुदायमा घरभित्रको कामधन्दा गर्नु र छोराछोरी हुर्काउनु मात्र महिलाहरूको काम हो । कहिलेकाहीं घरबाहिर निस्कँदा परपुरुषलाई देखिएला कि भनेर बुर्का लगाउनुपर्छ । त्यसैगरी परपुरुषसँग बोलिएका कि भनेर श्रीमान् वा घरका सदस्यसँग मात्र हिँड्नुपर्छ ।

विवाहपछि बुर्का लगाएर मात्र हिँड्नुपर्छ भन्ने मान्यताका कारण सोही ठाउँकै रैतु निशा

***उनको टाउकोदेखि पैतलासम्म कालो बुर्का थियो र हातमा कालै पञ्जा, खुट्टामा कालै मोजा थिए । जसले गर्दा उनको बोली त सुनिन्थ्यो । तर, शरीरको कुनै अंग देख्न सकिँदैनथ्यो ।***

खानले पनि एक्लै घरबाहिर निस्कने हिम्मत गरेकी छैनन् । दिनभरि घरपरिवारसँगै बसेर उनको समय बितेको छ । बिहेपछि न त उनले परपुरुषको मुख नै देखेकी छिन् । 'बिहे भएको ७ वर्ष भइसक्यो । ३ जना छोराछोरी जन्मिसके । तर घरमा भएका ३ जना जेठाजु र ससुराको मुख अझै हेरेकी छैन', रैतु निशाले भनिन् ।

वर्षको २/४ पटक उस्तै कामका लागि घरबाहिर निस्कनु परे पनि श्रीमान्भन्दा अरूसँग निस्कन नपाइने निशाले बताइन् । उनले भनिन्, 'घरबाहिर निस्कने र बुर्का नलगाउने महिला श्रीमान्प्रति इमानदार हुँदैनन् रे । त्यस्तालाई भगवान्ले समेत श्राप दिन्छन् रे । त्यसैले हामी बुर्का नलगाई अरू कसैसँग बाहिर निस्कँदैनौं ।'

उता ५ वर्षअघि बिहे भएपछि बुर्का लगाउने गरेकी गुडिया अन्सारीलाई भने बुर्का लगाउनुको कारण थाहा छैन । 'घरमा ५/५ जना जेठाजु, देवर र ससुरा भएकाले बुर्का लगाएर घरको काम गर्छु । तर किन लगाउनुपर्छ भन्ने थाहा छैन,' अन्सारीले भनिन्, 'हाम्रो संस्कारले जेठाजु, देवर र ससुराको अगाडि मुख खोल्न

दिँदैन, मैले त्यही संस्कार सिकें, त्यसैले त्यसो गर्छु ।'

मुस्लिम समुदायका शिक्षक समीर अन्सारी भने मुस्लिम समाजमा नारीलाई गहनाको रूपमा लिने गरेकाले बुर्का लगाएर घरभित्र मात्र राख्ने गरेको बताउँछन् । उनी भन्छन्, 'आफ्नो धनसम्पत्ति र गहनाहरू घरभित्र लुकाएर राखेजस्तै गरी हामीले हाम्रा महिलालाई पनि घरभित्र बुर्का लगाएर राखेका हौं ।'

शिक्षक अन्सारीले महिलालाई गहनाको रूपमा घरभित्र राखिने प्रचलन सामान्य भएको बताए पनि मुस्लिम महिला नै स्वयं आफूलाई दासी भएको अनुभव सुनाउँछन् । उनीहरू भन्छन्, 'हाम्रो काम पुरुषले अह्राएको घरभित्रको काम खुरुखुरु गर्ने, बच्चा स्याहार्ने र खाने मात्र हो । अरू केही गर्ने अधिकार छैन ।'

भारतको नौतनवाबाट एसएलसीसम्मको अध्ययन पूरा गरेकी सविना मियाँ भन्छिन्, 'अरू त के मुस्लिम महिलाले सार्वजनिक स्कुलमा पढ्नसमेत पाउँदैनन्,' उनले थपिन्, 'यो सबै धर्मले गरेको हो रे । हामी त धर्मबाटै ठगिएका छौं । दासीभन्दा फरक छैनौं ।'

तर शिक्षक अन्सारीका अनुसार मुस्लिम धर्मको पवित्र ग्रन्थ मानिने कुरानमा अपहेलित नारीलाई सम्मान गर्नुपर्ने बताइएको छ । जसमा नारीको सम्मान गर्नु, उनीहरूलाई दासीका रूपमा नहेर्नु र महिलाहरूको हकअधिकारको सुरक्षा गर्नु भन्नेसमेत लेखिएको छ । तर, यथार्थमा भने त्यसको ठीक उल्टो भएको उनले बताए ।

बढ्न खोज्छन् भने परम्परादेखिको चलन भन्दै महिलालाई बुर्काभित्र थुनिरहनु पनि हुँदैन ।

*घरबाहिर निस्कनु परे पनि श्रीमान्भन्दा अरूसँग निस्कन नपाइने निशाले बताइन् । उनले भनिन्, 'घरबाहिर निस्कने र बुर्का नलगाउने महिला श्रीमान्प्रति इमानदार हुँदैनन् रे । त्यस्तालाई भगवान्ले समेत श्राप दिन्छन् रे ।*

सबै धर्म र समुदायमा भन्दा मुस्लिमहरू धर्मप्रति बढी कटिबद्ध हुन्छन् । त्यस्ताहरूले नै धर्मविरोधी काम गर्नु विडम्बना मानिन्छ । 'जानेर गल्ती गरिएको होइन' बुद्धिजीवीको रूपमा चिनिने फहजुल मुसलमान भन्छन्, 'मुस्लिम समुदायमा शिक्षा र चेतनाको कमी छ । जसले गर्दा कुरानमा महिलालाई दिइएको महत्वको गलत अर्थ लगाएर गलत नै व्यवहार गरिएको हो ।'

समय बदलिएको छ । समयसँगै धेरै नियम र कानुनहरू बदलिएका छन् । तर, अधिकांश मुस्लिम समुदायमा रहेको बुर्का प्रचलन भने मेटिएको छैन । आजको एक्काइसौं शताब्दीको युगमा पनि महिलाहरू बिनाबुर्का खुला रूपमा हिँड्न पाउँदैनन् । बुद्धिजीवी अन्सारी भन्छन्, 'हाम्रो समुदायमा बुर्का लगाउनु धार्मिक परम्परा हो । त्यति मात्र नभई उनीहरूको पहिचानसमेत हो । तर, बुर्का लगाएर महिलाहरूले आफूलाई हेपिएको महसुस गर्छन् भने पनि ठीकै छ । इच्छाअनुसार चाहनेले मात्र लगाए पनि आपत्ति छैन ।'

प्रायः मुस्लिम समुदायका महिलालाई सार्वजनिक विद्यालयमा पढाउने प्रचलन छैन । तर, अन्सारीले त्यसो नगरी छोरासँगै ३ छोरीलाई पनि स्थानीय एभरेस्ट बोर्डिङ्ग स्कुलमा पढाएको बताए । 'शिक्षा र चेतनाको कमीले मुस्लिम समुदायले महिलाहरूलाई धेरै पीडित बनाएको छ । उनले दाबी गरे, 'महिला होस् या पुरुष लिङ्गका कारण फरक व्यवहार गर्नुहुँदैन । अघि

बरु अघि बढ्ने बाटो देखाइदिनुपर्दछ ।'

यस्तै महिला उत्थान केन्द्र रूपन्देहीकी अध्यक्ष रिजन श्रेष्ठ बुर्का लगाउने प्रचलनले मुस्लिम महिलाहरूलाई सरासर अन्यायमा पारेको बताउँछिन् । 'बुर्का खोलेर खुला रूपमा मुस्लिम महिलाहरू पनि अरूसरह सबै ठाउँमा जान पाउने बातावरणको सिर्जना हुनुपर्दछ,' उनले भनिन् । अधिवक्ता मीना पाण्डेका अनुसार बुर्का लगाएर हिंड्नुपर्ने बाध्यता नियमविरोधी काम हो । 'संविधानले सबै नागरिकलाई स्वतन्त्ररूपले बाँच्न पाउने अधिकार दिंदादिंदै पनि मुस्लिम समुदायका महिलाहरूलाई बुर्का लगाएर घरभित्रै राख्ने प्रचलनले संविधानको उल्लंघन गरेको छ । त्यसैले यो प्रचलन हट्नुपर्छ । मुस्लिम महिलाहरू पनि स्वतन्त्र रूपले बाँच्न पाउनुपर्छ,' अधिवक्ता पन्तले भनिन् ।

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समह*

# पढाइदिने प्रलोभनमा बालिका

*अरूको घरमा भाँडा माझ्दै पढ्ने आशामा राजधानी आएका बालिकाको पढाइप्रति गम्भीर छैनन् घरधनीहरू ।*

✍ संगीता रिजाल

प्रमिला तामाङ काभ्रेको दाप्चाबाट ७ वर्षको उमेरमा काठमाडौं आएकी हुन् । गाउँमा घाँसपात र गाईवस्तु हेर्ने काम गरेकी उनी पढ्न पाइने आशामा काठमाडौंमा आएकी हुन् । तेह्र वर्षीया प्रमिलासँग घरेलु कामदारको अनुभव भने थुप्रै छ । तर, विद्यालयको शिक्षा भने उमेर सुहाउँदो छैन ।

अरूको घरमा काम गर्न बसेकी प्रमिलालाई दिदीको बच्चा जन्मिएपछि दिदीसँगै बस्नुपर्‍यो । उनी दिदीको बच्चा हेर्न र घरको काम सकेर पुरानो डेरावालाका घरमा काम पनि गर्न भ्याउँछिन् । दिदीले तिर्न नसकेको भाडा कटौती गर्न उनी पुरानो डेरावालाको घरमा काम गर्न जाने गरेकी हुन् ।

त्यसबाहेक उनी अन्य ठाउँमा पनि लुगा धुने र भाँडा माझ्ने काम गर्दछिन् । यति हुँदाहुँदै पनि उनको पढ्ने इच्छा भने मरेको छैन । बालबालिका तथा वातावरण सरोकार नेपाल (कन्सर्न) नामक संस्थाले सञ्चालन गरेको अनौपचारिक कक्षामा उनी केही समय पढिन् । त्यसको केही समयपछि उनलाई उक्त संस्थाले जनप्रभात माध्यमिक विद्यालय कालिमाटीमा भर्ना गरिदियो । हाल कक्षा ३ मा अध्ययनरत उनी कक्षाकै उत्कृष्ट छात्रा हुन् ।

'दुःख त छ, घरमा पढ्ने समय हुँदैन, धेरै काम हुँदा विद्यालय जाने समय पाइँदैन', उनी आफ्ना गुनासा सुनाउँदै भन्छिन्, 'तर पनि म खुसी छु, गाउँमा पढ्न पाएकी थिइनँ ।'

यसैगरी १५ वर्षीया सरिता राईको कथा पनि उस्तै छ । सानै उमेरदेखि अरूको घरमा काम गर्न थालेकी सरिताको विद्यालय जाने इच्छा अझै पूरा भएको छैन । आफन्तको अत्तोपत्तो नभएको बताउने उनलाई झापाको चारआली घर हो भन्ने मात्रै थाहा छ । पहिला काम गर्न बसेको ठाउँमा विद्यालय पठाएनन् । तर, अहिले काम गरेको ठाउँमा भने विद्यालय पठाउने आश्वासन पाएकी छन् उनले ।

'दुःख त छ, घरमा पढ्ने समय हुँदैन, धेरै काम हुँदा विद्यालय जाने समय पाइँदैन', उनी आफ्ना गुनासा सुनाउँदै भन्छिन्, 'तर पनि म खुसी छु, गाउँमा पढ्न पाएकी थिइनँ ।'

असनस्थित एक घरमा काम गर्छिन् उनी । फुर्सदको दुई घन्टा कन्सर्न अनौपचारिक कक्षामा कखरा पढ्न थालेकी छन् उनले । 'पहिलेका साहुहरूले विद्यालय पठाएनन् तर अहिले बसेको ठाउँमा मैले पढ्न सकें भने पढाउँछु भनेका छन्', उनले भनिन् । अक्षर सिकेमा उनलाई विद्यालय भर्ना गर्ने जिम्मा कन्सर्नले नै लिएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का अनुसार काठमाडौंमा २१ हजार घरेलु बालश्रमिक छन् । त्यसमा पनि ४३ प्रतिशतभन्दा बढी बालिका नै छन् ।

विद्यालय भर्ना गरिदिने आश्वासनमा गाउँबाट बालबालिका घरेलु कामका लागि राजधानी झिकाइन्छन् । तर, यसरी शहर पसेकामध्ये थोरैले मात्र विद्यालय जान पाउने अवसर पाउने गरेको कुरा सिविसका महासचिव मिलन धरेल बताउँछन् । सिविस घरेलु बालश्रमिकसँग कार्यरत संस्था हो । मध्यमवर्गीय परिवारमा काम गर्ने धेरैजसोलाई विभिन्न अनौपचारिक कक्षामा पढाइने गरिएको जानकारी दिँदै उनले भने, 'तर बच्चाका परिवारलाई भने विद्यालय पठाएको भनेर ढाँटिने गरिन्छ ।' सिविसकै अध्यक्ष शान्ति अधिकारी घरेलु बालश्रमिकलाई विद्यालय नपठाउने परिवार अत्यधिक रहेको बताउँछिन् । 'जतिले पढाएका

छन् ती सबै मध्यमवर्गीय परिवारका कामदार मात्रै हुन्', उनी भन्छिन्, 'उच्चवर्गका परिवारका बालबालिका त घरको पर्खालसमेत नाघेर बाहिर निस्कन पाउँदैनन् ।'

विद्यालय जाने उमेरका अधिकांश बालबालिकाले पढाइ पूरा गर्न नपाएको कुरा सिविसले जनाएको छ । विद्यालय जाने गरेका बालबालिका पनि नियमित रूपमा जान पाउँदैनन् । घरमा धेरै काम हुँदा, पाहुना आउँदा र घरधनी कतै जानुपर्दा बालबालिकालाई विद्यालय पठाइँदैन । केही विद्यालय जान पाइहाले पनि पूरा कक्षा नै नलिईकन फर्कनुपर्ने हुन्छ ।

घरधनीका बालबच्चा विद्यालयमा लिन जानुपर्ने भएकाले अधिकांश बालश्रमिक बेलुकाको कक्षा लिन पाउँदैनन् । कामको बोझले उनीहरू गृहकार्यसमेत गर्ने समय पाउँदैनन् । उनीहरूले समयाभावका कारण सरसफाइसमेत गर्न नपाएको उल्लेख गर्दै सिविसको अध्ययनमा भनिएको छ, 'उनीहरूले विद्यालयमा समेत हप्की खानुपर्छ । साहुको घरमा समेत राम्ररी काम नगरेको आरोपमा यी केटाकेटीले पिटाइ खानुपर्ने हुन्छ ।' यस्ता विभिन्न कारणले धेरै बालिका विद्यालय जानै छोड्ने गरेको अध्ययनले देखाएको छ ।

बालकभन्दा बालिकाले यस्तो समस्या बढी भोग्नुपर्छ । नपढाइदिए अन्यत्रै काम गर्न जान्छु भनेर धम्क्याउन सक्ने भएकाले बालकहरू विद्यालय जान पाउँछन् । यता बालिकाहरू विभिन्न परिस्थितिले त्यसो भनिहाल्न सक्दैनन् जसका कारण विद्यालय छोड्ने बालिकाको संख्या बढी हुने गरेको छ ।

कन्सर्नकी परामर्शदाता निहिता पाच्छही भन्छिन्, 'हामीले नियमित रूपमा घरधनीलाई सम्झाएनौं भने बालिकाहरू विद्यालय नै जाँदैनन् ।' घरेलु श्रमिक बालिकाहरूले बढीमा कक्षा पाँचदेखि सातसम्म मात्रै पढ्न पाउने धरेल बताउँछन् । 'त्यतिबेलासम्म उनीहरूको उमेर १३/१४ वर्ष पुगिसकेको हुन्छ', उनी भन्छन्, 'त्यहीबेला उनीहरूलाई घरबाट निकालिन्छ ।' घरमा भएका पुरुषहरूसँग सम्बन्ध स्थापित होला कि भन्ने डरले प्रायः बालिकालाई काम गर्न दिइँदैन । यस्ता बालबालिका कामको खोजीमा यो पेशाबाट विस्थापित हुन पुग्छन् । 'यस्ता बालबालिका धेरैजसो डान्स र क्याबिन रेष्टुरेन्टमा काम गर्न जान्छन्', धरेल भन्छन् । तीन/चारजनासम्म कामदार राख्ने कथित संभ्रान्त परिवारमा यस्ता संस्थाको पहुँच नै पुग्न सकेको छैन । यसलाई अधिकारीहरू पनि स्वीकार्छन् । 'त्यस्ता घरमा भित्र पस्नसमेत दिइँदैन र परैबाट हप्काइन्छ', उनी भन्छिन्, 'कथित ठूला घरमा काम गर्ने बालबालिकाको अवस्थाबाट हामी अझै परिचित छैनौं ।'

*घरधनीका बालबच्चा विद्यालयमा लिन जानुपर्ने भएकाले अधिकांश बालश्रमिक बेलुकाको कक्षा लिन पाउँदैनन् । कामको बोझले उनीहरू गृहकार्यसमेत गर्ने समय पाउँदैनन् ।*

त्यस्ता घरमा पहुँच बढाएर बालश्रमिकलाई विद्यालय पठाउने चुनौती आफूहरूसामु रहेको उनी बताउँछिन् ।

कतिपय बालिकाका आमाबाबुले पैसा नपाउने भएपछि छोरीलाई विद्यालय नपठाउनसमेत भन्छन् । छोरीको तलब थाप्न काठमाडौं आउने आमाबाबुलाई घरधनीले छोरी पढाइदिएको छ, तलब दिन्न भन्ने जवाफ दिने गरेपछि उनीहरू त्यसो भन्न बाध्य भएका हुन् ।

घरेलु बालश्रमिकका समस्या समाधानका लागि सरकारी तवरबाट पनि निर्दिष्ट कानुनको व्यवस्था छैन । त्यस्ता बालबालिकाका लागि मन्त्रालयसँग छुट्टै कार्यक्रम छैन । काम गर्न राखेपछि पढाउने जिम्मा पनि सम्बन्धित घरमुलीकै हुने शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठी बताउँछन् ।

सीमित संस्थाको पहलमा हजारौं घरेलु बालश्रमिकको विद्यालय जान पाउने अधिकार सुनिश्चित नहुने ठहर सिविसको छ । घरमा काम गर्न राख्नेले नै सचेत भएर बालअधिकारप्रति गम्भीर हुनुपर्ने सिविसका अधिकारीहरू बताउँछन् ।

सरकारले प्रदान गर्ने बालिका छात्रवृत्तिसमेत यस्ता बालबालिकाको पहुँचमा पुग्न सकेको छैन । सन् २०१५ सम्म सबैका लागि शिक्षा सहश्राब्दी लक्ष्य पूरा गर्न पनि यस्ता बालिकालाई पढ्न प्रोत्साहित गर्नका लागि सरकारीस्तरबाटै पहल हुनु आवश्यक छ ।

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

# एकजुट हुँदैछन् गान्धर्व महिला पनि

*गएको वर्ष गान्धर्व महिलाले आमा समूह गठन गरेका छन् । यो आमा समूहको मुख्य उद्देश्य नवजात शिशु र केटाकेटीलाई अकाल मृत्युको मुखबाट जोगाउनु रहेको छ ।*

✍ मधुसूदन पौडेल

आमा हुनुको मर्ममा कथित तल्लो जातिको हुँदैमा कुनै फरक पर्छ र ? मातृवात्सल्य त आखिर सबै आमामा उस्तै हुन्छ । तर, यसलाई बाधा पुऱ्याउन सक्छ सामाजिक विभेद, अभाव र गरिबीले ।

गरिबीको चपेटामा बाँचेका कपिलवस्तु कोपवा गाउँ विकास समिति- ८ गणेशपुरका गान्धर्व आमाहरूका लागि यो नियति भोग्नु कुनै नौलो रहेन, कैयौं वर्षसम्म । कथित तल्लो जाति बनेर जिउनुपर्दाको पीडा, अभावको जिन्दगी र अन्धविश्वासको पहाड । यही पृष्ठभूमिमा उनीहरूले गुमाएका छन् आफ्ना दर्जनौं शिशुलाई । सुरक्षित मातृत्वको अभावमा जन्मिएका बालबालिकाहरूलाई कुनै रोगले च्याप्दा उनीहरूसँग उपचारका लागि पैसा भएन । र, अन्धविश्वासको झाडीमा उनीहरूले झारफुक गर्दागर्दै कैयौं नवजात शिशुलाई चिरनिद्रामा सुताए आफ्नै काखबाट । यो पीडालाई नजिकबाट भोग्दै आएकी फुर्सी गान्धर्व भन्छिन्, 'औषधिमूलो गर्ने पैसा नहुँदा यो गाउँका धेरै केटाकेटीले सित्तैमा ज्यान गुमाएका छन् ।'

गणेशपुर आफैंमा थप विशेषता बोकेको गाउँ हो नेपालको सन्दर्भमा । किनभने नेपालबाटै लोप हुन थालेको भनिएका ३३ गान्धर्व परिवारको एकलौटी बसोबास छ त्यहाँ । कोही सुकुम्बासीका रूपमा त केहीले साहुको सानो टुक्रा जमिनमा आफ्नो जीवन गुजाराको माध्यम बनाएका छन् । उनीहरूको परम्परागत पेशा हो- गाउँ/गाउँ डुलेर सारंगी रेट्नु । गाउँका तन्नेरी र खुट्टाको भर हराइसकेका बूढाहरू पनि सारंगी रेट्न निस्किन्छन् गाउँतिर । तर, विद्युतीय सञ्चारमाध्यमहरूको विकासको तीव्रताले उनीहरूको सारंगीको मूल्य हराएको छ । त्यसैले हिजोका दिनमा 'बिष्ट' हरूले गीत गाएको भरमा दिने अन्नपात र धेरथोर 'दक्षिणा' पाउन पनि मुस्किल भएको छ अजभोलि । यसले उनीहरूको जीवनमा थप कष्ट थपिदिएको

*प्रत्येक सदस्यबाट मासिक उठाइने १० रुपैयाँले त्यहाँका अबोध शिशुहरूलाई मृत्युबाट जोगाउने प्रयत्न भइरहेको छ । आमा समूहकी अध्यक्ष फुर्सी गान्धर्व भन्छिन्, 'विगतको तीतो अनुभवले अहिले हामी आफ्ना बालबच्चालाई सामान्य उपचार गर्न सक्ने भएका छौं ।'*

छ । त्यसको प्रत्यक्ष मारमा परेका छन् उनीहरूकै भरमा आश्रित महिला र केटाकेटीहरू ।

तर, परिस्थितिमा केही परिवर्तन आएको छ गएको वर्षदेखि । यो परिवर्तन सरकार र गैरसरकारी संस्थाको कारणले भएको भने होइन, केही भएको हो त केवल उनीहरूले संगालेका दुःख र कष्टका अनुभवहरूबाट नै हो । यसमा कोही सहयोगी बनेका छन् भने दुई/चार अक्षर पढेर अरू गाउँको पनि अवस्थालाई बुझेका गान्धर्व समुदायकै केही युवा । समस्याको चरम संकटले त्यसबाट पार पाउने जुक्ति पनि मिलेको छ अहिले त्यहाँका पीडित महिलालाई ।

उनीहरूले गएको वर्ष गाउँमा आमा समूहको गठन गरेका छन् । र, गाउँका सबै परिवारका एक/एक महिला यसमा आबद्ध छन् । यसको मूल लक्ष्य भने उही नै हो- आफ्ना नवजात शिशु र केटाकेटीलाई अकाल मृत्युको मुखबाट जोगाउनु । कुनै पनि घरमा केटाकेटी बिरामी पर्दा उपचार गर्न नपाउँदाको पीडाले सबैको मनमा

उत्तिकै जरा गाडेको छ। त्यसैले यो समस्या ती सबै आमाहरूको साझा हो, उनीहरूले त्यो दुःख र आत्माको छटपटीलाई साह्रै नजिकबाट बेहोरेका छन्। त्यही साझा समस्याबाट पार पाउन गठन गरिएको आमा समूहको बैठक महिनामा एकपटक बस्ने गर्छ। त्यो बैठकमा सबै सदस्यले १० रुपैयाँ बुझाउनुपर्छ। यसरी जम्मा गरिएको मासिक १० रुपैयाँले त्यहाँका अबोध शिशुहरूलाई मृत्युबाट जोगाउने प्रयत्न भइरहेको छ। आमा समूहकी अध्यक्ष फुर्सी गान्धर्व भन्छिन्, 'विगतको तीतो अनुभवले अहिले हामी आफ्ना बालबच्चालाई सामान्य उपचार गर्न सक्ने भएका छौं।' ३० परिवारका करिब ३ सय केटाकेटीका लागि एउटा बाँच्ने आधार पनि भएको छ पिछडिएका ती आमाहरूको प्रयास।

प्रत्येक महिना जम्मा गरिने यो रकम उनीहरूले समस्यामा पर्ने परिवारलाई ऋणका रूपमा उपलब्ध गराउँछन्। र, समस्या टरिसकेपछि फिर्ता गर्नुपर्ने प्रावधान राखेका छन्। गएको वर्षदेखि हालसम्ममा उनीहरूले करिब चार हजार रुपैयाँ संकलन गरिसकेका छन्। यो कोषले उनीहरूलाई स्थानीय स्वास्थ्यचौकीमा उपचारका लागि जान प्रोत्साहित मात्रै गरेको छैन, आवश्यक परेमा तौलिहवास्थित जिल्ला अस्पतालसम्म पुगेर पनि औषधि गर्ने जागरण ल्याएको छ। त्यसका अतिरिक्त उनीहरूले उपचार नै रोकिने अवस्थामा परिवारका अन्य सदस्यहरूका लागि पनि सहयोग गर्ने परिपाटी बसालेका छन्। आमा समूहमा सदस्य रहेकी अमृता गान्धर्व भन्छिन्, 'मेरो लोग्ने बिरामी पर्दा पनि मैले आमा समूहबाट सहयोग पाएँ, यो सहयोगले मेरो जीवनमा खुसी ल्याएको छ।' आमा समूहका सदस्यहरूका अनुसार उनको लोग्नेको उपचारका लागि पाँच सय रुपैयाँ सहयोग गरिएको थियो। आमा समूहको सानो सहयोगले आफ्नो लोग्नेको उपचार गर्न पाएकोमा अमृतामा आमा समूहमा थप योगदान पुऱ्याउने उत्साह थपिएको छ।

*आमा समूहको गठनले सानोतिनो भए पनि काम गर्ने वातावरण बनाइदिएको छ उनीहरूमा। किनभने केही कामै नगरी बस्यो भने महिनाको १० रुपैयाँ कहाँबाट बुझाउने ? त्यसैले उनीहरूले थोरै नै भए पनि कुखुरा र बाखा पाल्न थालेका छन्।*

साँझ-बिहान हातमुख जोर्नका लागि नै समस्या बेहोरिरहेको त्यो गान्धर्व बस्तीका बालबालिका विद्यालय जान पाउँदैनन् सामान्य खर्चको अभावमा। गान्धर्व परिवारका एक वृद्ध भीमबहादुर गान्धर्व गुनासो पोख्छन्, 'स्कुल जान ड्रेस चाहिन्छ तर कसरी जुटाउन सक्छौं र हामी।' त्यहाँका अधिकांश बालबालिकाको दिनचर्या भाइबहिनीको गोठालो बन्नु र धूलेबाजी खेलेर बिताउनु रहेको छ। सरकारी विद्यालय भए पनि वार्षिक परीक्षा शुल्कजस्ता सामान्य शुल्क बुझाउनुपर्छ तर त्यसका लागि पनि पैसाको अभावमा केटाकेटीलाई स्कुल पठाउन नसकिएको एथार्थता सुनाउँछन् अभिभावकहरू। त्यसैले आमा समूहको ध्यान केही केटाकेटीलाई भए पनि विद्यालय पठाउनेतर्फ पनि आकर्षित भएको छ। अध्यक्ष फुर्सी गान्धर्व भन्छिन्, 'केही केटाकेटीका लागि स्कुल पठाउने प्रयास गरिरहेका छौं हामीले।'

आमा समूहको गठनले सानोतिनो भए पनि काम गर्ने वातावरण बनाइदिएको छ उनीहरूमा। किनभने केही कामै नगरी बस्यो भने महिनाको १० रुपैयाँ कहाँबाट बुझाउने ? त्यसैले उनीहरूले थोरै नै भए पनि कुखुरा र बाखा पाल्न थालेका छन्। यसले उनीहरूको दैनिक जीवन निर्वाहमा पनि सहयोग पुऱ्याएको अनुभव छ उनीहरूसँग। चेतना विकासका लागि पनि उनीहरूको यो प्रयास सार्थक बन्दै गएको छ। हिजोका दिनहरूमा आफैं दलित भएको नाममा खुम्चिने यी आमाहरू आज विद्यालय जाने आफ्ना बालबालिकालाई दलितको नाममा अपहेलना नगर्न उपल्ला जातिका मानिससँग आग्रह गर्न सक्ने भएका छन्। आमा समूहकी सल्लाहकार सावित्रा गान्धर्व भन्छिन्, 'दलित महिलाले पनि केही गर्न सक्छन् भनेर हामीले देखाउनुपर्छ।' त्यसैले उनीहरूले आफ्नो फोहर बस्तीलाई सफा पार्ने कामलाई पनि अगाडि बढाएका छन्। कपिलवस्तुलाई कार्यक्षेत्र बनाएका स्थानीय पत्रकार नेत्र पन्थी भन्छन्, 'उनीहरूको प्रयासले भावी पुस्तालाई नयाँ गोरेटो देखाउनेछ।'

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५५४७२९१
इ-मेलः **sancharika@wlink.com.np**
वेब साइत **: www.sancharika.org**

सम्पादक
निर्मला शर्मा

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिकासम्बन्धी समाचार तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह